दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २३६ | बुटवल | २०८३ भदौ २३ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday September 08, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

# जलविद्युत् आयोजनाका सुरुङमा १ सय २१ जना मात्रै फसेका रहेछन् : सेना



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली सेनाले रसुवा बाढीका कारण भोटेकोसी तथा त्रिशूली नदी क्षेत्रमा रहेका जलविद्युत् आयोजनाका सुरुङमा १ सय २१ जना मात्रै फसेको बताएको छ।

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सोमबार आयोजित कार्यक्रममा नेपाली सेनाका सहायक रथी सुवासजंग थापाले उक्त जानकारी दिएका हुन्। उनका अनुसार रसुवागढीमा ५, लाङटाङमा ७, चिलिमेमा ७, अपर त्रिशूली-१ मा करिब ५०, त्रिशुली ३ ए मा करिव ४२ गरी १२१ जनाको हाराहारीमा टनेल भित्र रहेका छन्।

त्रिशूली ३ बी मा हराएका सबै व्यक्ति टनेलभित्र प्रवेश गरेका व्यक्ति नभएको उनले बताए। विभिन्न परियोजनासँग आबद्ध सबै व्यक्ति टनेलभित्र फसेको भनेर बुझ्न नहुने उल्लेख गरे।

परियोजनामा काम गर्नेहरू ९ सयभन्दा बढी सम्पर्कविहीन भएको भएपनि ती सबै टनेलभित्र भने नरहेको उनको भनाइ छ।

सहायक रथी थापाले भने-'परियोजनाहरूबाट टनेललगायत कार्य र सम्पूर्ण हेर्दाखेरि ९ सयको हाराहारीमा सम्पर्कविहीन देखाएपनि त्यो टनेल भित्र फसेका व्यक्ति होइनन्, परियोजनासँग आबद्ध व्यक्तिहरू हुन्। अब सरसर्ती हिसाब गर्ने हो भने रसुवागढी ५, लाङटाङ ७, चिलिमे ७, अपर त्रिशूली १ ५०, त्रिशूली ३ ए ४०, त्रिशूली ३ बी मा गरी हाराहारी १२१ जना मात्रै टनेलभित्र पसेको तथ्य देखिन्छ। त्रिशूली ३ बीमा सम्पर्कविहीन भएका सबै टनेलभित्र रहेको होइनन्।'

उनले टनेलको पूर्ण ब्रेकथ्रु नभएसम्म टनेलभित्र फसेका व्यक्तिको खोजी कार्य जारी रहने बताए। उनले भने-'जबसम्म सम्पूर्ण टनेल ब्रेकथ्रु हुँदैन, त्यतिन्जेलसम्म यो जारी नै रहन्छ। अर्को सरकारले नै अब नगर्ने भन्ने निर्णय गर्छ अथवा प्राधिकरणले नै त्यससम्बन्धी ल पुग्यो भनेर नभनिन्जेलसम्म हाम्रो खोजी जारी नै रहन्छ र हाम्रो आशा अहिलेसम्म पनि मरेको छैन।'

उनले सेनाले अहिले सूचनामा आधारित उद्धारलाई प्राथमिकतामा राखेको जानकारी दिए। कुनै स्थानमा व्यक्ति फसेको वा सम्भावित अवस्थाबारे सूचना प्राप्त हुनेबित्तिकै टोली परिचालन गरी खोजी गर्ने रणनीति अपनाइएको उनको भनाइ छ।

खोजी तथा उद्धारसँगै सेनाले पुनर्निर्माण र पुनःस्थापनाका कामसमेत अघि बढाएको जनाएको छ। त्यसअन्तर्गत तुइन तथा झोलुङ्गे पुल निर्माण, रेकी तथा अवरुद्ध सडक खोल्ने काम सुरु गरिएको सेनाको भनाइ छ।

## ९८ जनाको शव मात्रै परिवारलाई हस्तान्तरण

बुटवल। भोटेकोसी बाढीमा ज्यान गुमाएकाहरूमध्ये हालसम्म ९८ जनाको शव मात्रै परिवारलाई हस्तान्तरण गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सोमबार साँझ ६ बजेसम्म ९८ शव परिवारलाई हस्तान्तरण गरिएको जनाएको छ। अन्य शव सनाखत हुन सकेको छैन। हालसम्म भोटेकोसी बाढीमा ज्यान गुमाएका एक हजार ३५६ जनाको शव भेटिएको छ। सबैभन्दा बढी चितवनमा ३६३ शव भेटिएका छन्।

त्यस्तै, रसुवामा १६९, नुवाकोटमा १९७, धादिङमा ७०, गोरखामा ७५, तनहुँमा ३८, नवलपरासी पूर्वमा २२३ र नवलपरासी पश्चिममा २२१ शव फेला परेका प्राधिकरणले जनाएको छ। बाढीमा परेर हालसम्म चार हजार ९९४ जना सम्पर्कविहीन छन्। सबैभन्दा बढी नुवाकोटमा दुई हजार ३४० जना सम्पर्कविहीन भएको जिल्ला प्रशासन कार्यालय, नुवाकोटले प्राधिकरणलाई जानकारी गराएको छ।

सम्पर्कविहीन हुनेमध्ये ५८७ जना विदेशी नागरिक छन्। त्यस्तै, एक सय सुरक्षाकर्मी पनि सम्पर्कविहीन छन्।

जलविद्युत् आयोजनाहरूमा हराएका कर्मचारी तथा मजदूरको खोजी भइरहेको छ। भोटेकोसी नदीमा रहेका विभिन्न जलविद्युत् आयोजनामा नेपाली र विदेशी उद्धारकर्ता खोजीमा जुटिरहेका छन्।

## छिटो उद्धारको माग गर्दै माइतीघरमा प्रदर्शन

बुटवल। माथिल्लो त्रिशूली-३ बी जलविद्युत् आयोजनामा फसेकाहरूको उद्धार र खोजी कार्यमा प्राथमिकतामा दिन माग गर्दै माईतीघरमा प्रदर्शन गरिएको छ। सोमबार हाइड्रोमा फसेका आफन्तहरूले माइतीघरमा प्रदर्शन गरेका हुन्। उनीहरूले सरकारले माथिल्लो ३ बी मा उद्धार तथा खोजी कार्यमा सरकारले चासो नदेखाएको आरोप लगाएका छन्।

सरकारले आफूले पनि खोजी कार्यमा चासो नदिएको र आफन्तहरूलाई पनि खोजी गर्न जान नदिएको उनीहरूको गुनासो छ। रसुवा बाढीपछि त्रिशूली ३ बी जलविद्युत् आयोजनामा कार्यरत १७८ जना कर्मचारी तथा श्रमिक सम्पर्कविहीन छन्। तर नेपाली सेनाले भने १२१ जना मात्र फसेको बताएको छ।

बाढीले आयोजनालाई पूर्ण रुपमा क्षति गरेको छ। सरकारले उद्धार तथा खोजी कार्यको लागि उक्त आयोजनाको भौतिक संरचना नै पत्ता लगाउन सकेको छैन। उक्त आयोजनामा उद्धार कार्य कठिनाई देखिएको सरकारको भनाइ छ, तर पीडितहरूले भने उद्धारमा कठिनाई छ भन्दैमा सरकार पन्छिन नमिल्लने बताउँछन्।

बाढी प्रभावित सुमना श्रेष्ठ अमात्यले त्रिशूली ३ बी मा कार्यरत कर्मचारी तथा कामदारहरूको खोजीकार्यमा सरकारले अदारुकता नदेखाएको बताइन्। उनको श्रीमान वरिष्ठ भूगर्भविद् सुमेश अमात्य हाल सम्पर्क विहीन छन्।

गृह मन्त्रालयमा गएर पटकपटक ध्यानकषर्ण गराउँदा पनि सरकारले चासो नदिएको उनको भनाइ छ। सरकारले हेलिकप्टर लगायतका उपकरण लगेर उद्धार गर्नुपर्नेमा कुटो कोदाले लिएर पठाएको उनको आरोप छ। उनले भनिन्-'बाढी गएको ३/४ दिनमा नै हामी गृहमन्त्रालयमा ध्यानाकर्षण गराउन गएका थियौँ, तर त्यहाँ हामीलाई भेट्न दिइएन। रेक्स्यू भइरहेको छ, किन आत्तिएको भन्नेकुरा उनीहरूले गरे। सरकारले रेस्क्यु गर्न नै जानेको रहेनछ, कुटो कोदालो बोकेर रेस्क्यू गर्न जाने हो, सरकार कति लाचार छ भन्ने यहीँबाट थाहा भयो नी त।'

सरकारले हराएकोहरू जीवित भए जीवित र नभएमा शव भएपनि आफन्तलाई उपलब्ध गराउनुपर्ने पीडितहरूको भनाइ छ। हेलिकप्टर लगायत अरु उपयुक्त उपकरण लगेर तत्काल उद्धार कार्यलाई तिब्रता दिन उनीहरूले माग गरेका छन्।

बाढी गएको लामो समयसम्म पनि उद्धार हुन नसक्नु सरकारको लाचारीपन भएको पीडितहरूको भनाई छ।

» बाँकी ३ पेजमा

## सबै दल र नागरिक कताबद्ध बनौं : राष्ट्रपति



बुटवल। राष्ट्रपति रामचन्द्र पौडेलले विनाशकारी प्राकृतिक विपत्तिको घडीमा सम्पूर्ण राजनीतिक दल र नागरिकहरूलाई एकताबद्ध हुन आह्वान गरेका छन्। सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै बाढीले पुऱ्याएको अकल्पनीय क्षतिप्रति दुःख व्यक्त गरे।

आफ्नो सम्बोधनमा राष्ट्रपतिले यो समय राजनीतिक विवाद वा एकअर्कालाई दोषारोपण गर्ने नभई राष्ट्रिय एकता र ऐक्यबद्धता प्रदर्शन गर्ने समय भएको बताए। 'यो विभाजनको समय होइन, यो त राष्ट्रिय एकता र पुनरुत्थानको समय हो।'- उनको भनाइ छ। बाढीमा ज्यान गुमाउने नेपाली तथा विदेशी नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै पौडेलले शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरे। उनले हराइरहेकाहरूको खोजी र घाइतेहरूको शीघ्र उपचारका लागि सरकारको ध्यानाकर्षण गराएका छन्।

जोखिमपूर्ण अवस्थाका बाबजुद उद्धारमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी र स्वयंसेवकहरूको अदम्य साहसको प्रशंसा गर्दै राष्ट्रपतिले उनीहरूको सेवाभावले नेपालको राष्ट्रिय चरित्र झल्काएको बताएका छन्। उनको भनाइ छ-'तर, कठिन भौगोलिक अवस्था, क्षतिग्रस्त सडक र अस्थिर एवम् जोखिमपूर्ण परिस्थिति हराइरहेका व्यक्तिहरूको खोजी तथा उद्धार कार्यलाई अवरुद्ध गर्ने वा परित्याग गर्ने कारण बन्नुहुँदैन।' विस्थापित नागरिकहरूको लागि सुरक्षित आश्रय, खाद्यान्न, औषधि र मनोसामाजिक परामर्श सुनिश्चिततामा उनको जोड छ। मृतकहरूको पहिचान गर्दा डीएनए नमूना संकलन गरी व्यवस्थित र विश्वसनीय प्रक्रिया अपनाउन पनि उनले सरकारको ध्यानाकर्षण गराएका छन्। अन्तर्राष्ट्रिय समुदायलाई सम्बोधन गर्दै उनले भनेका छन्-'नेपालजस्ता पारिस्थितिकीय रूपमा प्रभावित राष्ट्रहरूको आवाज सुनिनुपर्छ। म अन्तर्राष्ट्रिय समुदायसमक्ष जलवायु न्याय सुनिश्चित गर्न ठोस कदम चाल्न आह्वान गर्दछु।'

राष्ट्रपतिले उद्धार र राहतमा सहयोग गर्ने देश र अन्तर्राष्ट्रिय संस्थाहरूलाई धन्यवाद दिएका छन्। पुनर्निर्माण र पुनःस्थापनाको प्रक्रिया सुरू गर्दा अबको विकास मोडेलमाथि पनि पुनर्विचार गर्नुपर्ने आवश्यकता औंल्याउँदै पीडितका गुनासा र माग ग्रहण गर्न सरकारलाई सुझाव दिएका छन्। राष्ट्रपति पौडेलले नेपाली जनताको धैर्य र साहसले विगतका विपत्तिलाई झैँ यस पटक पनि पार पाउने विश्वास जनाएका छन्।

## प्रधानमन्त्री असोज ६ गते अमेरिका जाने



बुटवल। प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) असोज ६ गते अमेरिका जाने भएका छन्। संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन उनी न्युयोर्क जाने भएका हुन्। शाह असोज ९ गते स्वदेश फर्किने कार्यक्रम छ।

महासभालाई प्रधानमन्त्री शाहले असोज ८ गते सम्बोधन गर्ने तय भएको छ। रसुवा भोटेकोसी बाढीले ठूलो जनधनको क्षति गरेपछि प्रधानमन्त्रीलाई महासभामा गएर आवाज उठाउन दबाब बढेको थियो।

त्यहाँ उनले जलवायु परिवर्तनका कारण नेपालले भोग्नु परेका समस्याका विषयमा राष्ट्रसंघको ध्यानाकर्षण गराउनेछन्। यसअघि परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल महासभामा सहभागी हुने तय भएको थियो। तर, बाढीका कारण प्रधानमन्त्री नै महासभामा गएर जलवायु न्यायका विषयमा संसारको ध्यानाकर्षण गराउनुपर्ने आवाज उठेपछि शाह न्यूयोर्क जाने भएका हुन्।

## बाढीपीडितलाई एक करोडको राहत जुट्यो

बुटवल। बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि वाल्डो डाइनेस्टी, इन्टरनेसनल बुद्धिस्ट सेन्टर र नेपाल एङ्ग्लोले एक करोड रुपैयाँ बराबरको सहयोग गरेका छन्।

संस्थाका अध्यक्ष स्टेवार्ड चेओङ र लियाङको नेतृत्वमा नगद ५० लाख रुपैयाँ तथा खाद्यान्न र अन्य अत्यावश्यक राहत सामग्रीमा ५० लाख रुपैयाँ बराबरको सहयोग प्रदान गरिएको हो।

राहत सहयोगअन्तर्गतको ५० लाख रुपैयाँ रकमको चेक नेपालका पर्यटन, संस्कृति तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल 'गणेश'लाई हस्तान्तरण गरिएको छ। मन्त्री पौडेलले उक्त चेक अर्थमन्त्रीको तर्फबाट राहतका लागि ग्रहण गरेका हुन्।

बाढी तथा अन्य प्राकृतिक विपद्का कारण प्रभावित नागरिकको तत्कालीन आवश्यकता सम्बोधन तथा राहत वितरणमा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त सहयोग गरिएको जनाइएको छ।

अध्यक्ष स्टेवार्ड चेओङ र लियाङले विपद्को समयमा प्रभावित समुदायलाई सहयोग गर्नु सामाजिक उत्तरदायित्व भएको भन्दै राहत तथा पुनःस्थापनाका लागि सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गरेका छन्।

संस्थाका सदस्य समेत रहेका लुम्बिनी प्रदेश सांसद विष्णु पन्थीको अनुरोधमा उक्त संस्थाले उक्त आर्थिक र जिन्सी सामग्री सहयोग गरेको हो।

## रास्वपाको सरकार बने पनि सुशासन हरायो : यादव




**मोहम्मद हबिब**
*भैरहवा*

जनता समाजवादी पार्टी (जसपा), नेपालका अध्यक्ष उपेन्द्र यादवले विकसित र शक्तिशाली राष्ट्रहरूले गरेको वातावरणीय प्रदूषणका कारण नेपाल जलवायु संकटको ठूलो जोखिममा परेको बताएका छन्। विकसित मुलुकहरूले उत्सर्जन गरेको कार्वनडाइअक्साइड र हरितगृह ग्यासका कारण हिमनदी पग्लिने दर बढेको र वातावरणीय सन्तुलन बिग्रिएको उल्लेख गर्दै उनले नेपालको यसमा कुनै योगदान नरहेको स्पष्ट पारे।

जसपा नेपाल जिल्ला कार्यसमिति, रुपन्देहीले सोमबार भैरहवामा आयोजित कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले अब नेपालले संयुक्त राष्ट्रसंघ जस्ता अन्तर्राष्ट्रिय मञ्चहरूमा उभिएर अनुदान वा सहायता होइन, क्षतिपूर्ति र न्यायका लागि आवाज उठाउनुपर्नेमा जोड दिए।

पूर्वउपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले वातावरण प्रदूषण र जलवायु परिवर्तनको मारमा परेका हिमाली तथा दक्षिण एसियाली क्षेत्रका भारत, बंगलादेश, पाकिस्तान, भुटान र चीन जस्ता छिमेकी मुलुकहरूसँग मिलेर संयुक्त रूपमा अन्तर्राष्ट्रियस्तरमा लड्नुपर्ने आवश्यकता औंल्याए। यो समस्या सामूहिक भएकाले सबै प्रभावित राष्ट्रहरू एकजुट भएर अघि नबढे पर्यावरणको संकट झनै भयावह हुँदै जाने उनको भनाइ थियो।

यसैगरी देशको राजनीतिक अवस्थाबारे समीक्षा गर्दै अध्यक्ष यादवले मुलुक हाल प्राकृतिक प्रकोपका साथै गम्भीर राजनीतिक र आर्थिक संकटबाट गुज्रिरहेको बताए। विगत ३४ वर्षमा ३० पटक सरकार बनाउने र ढाल्ने तथा पार्टी जोड्ने र तोड्ने खेल मात्रै भएकाले जनताले सुशासनको अनुभूति गर्न नपाएको उनले दाबी गरे।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

## सम्पादकीय

# कमजोरीबाट पाठ सिकेर बधशाला चलाऊ

राज्यको करोडौं लगानी भएको बुटवल बधशाला नचल्दा लगानीमा प्रश्न उठेको छ । सार्वजनिक निजी साझेदारी मोडलमा चलाउने पूर्व प्रतिबद्धता त्यागेर बुटवल उप-महानगरपालिकाले एउटा निजी कम्पनीलाई बधशाला सञ्चालनको जिम्मेवारी दियो । बधशाला सञ्चालनबारे उप-महानगरपालिका-किसान र मासु व्यवसायीबिचको विवादले बधशाला सञ्चालनको जिम्मेवारी पाएको कम्पनीले बधशाला सञ्चालन गर्न सकेन् । अहिले बधशाला सञ्चालनको जिम्मेवारी पाएको मुक्तिनाथ लाइभस्टक प्रा.लि. अहिले उप-महानगरपालिकाबाट क्षतिपूर्ति माग गर्दै अदालत गएको छ । अदालतमा विचाराधीन विषय भन्दै पन्छाउनुको साटो सञ्चालनको मोडालिटी तयार गर्न उप-महानगरपालिकाले पहलकदमी लिनुपर्छ । सम्भवतः अदालतबाट यो विषयको टुंगो छिटो लाग्नेछ ।

बुटवल उपमहानगरपालिका–१० रामनगरमा २ बिघा ३ कठ्ठा क्षेत्रफलमा निर्माण भएको बधशाला तीन वर्षअघि २३ करोड ९६ लाखमा निर्माण सम्पन्न भएको हो । यो बधशालामा दैनिक एक हजार खसीबोका बध गर्न मिल्छ । बाख्राको चरन, होल्डिङ सेन्टर, पशु स्वास्थ्य जाँच, सुरक्षा कक्ष, फोहर प्रशोधन केन्द्र, हरियाली उद्यान र बगैँचासहितको यो बधशाला नेपालकै नमूना आयोजना हो ।

यो आयोजना सञ्चालन नहुँदा आयोजनाले परिकल्पना गरेको लक्ष्य हासिल हुन सकेन् । आयोजनाले नतिजा दिन नसकेपछि नागरिकको करबाट खर्च हुने बजेटमाथि प्रश्न उठ्नु स्वभाविकै हो । नागरिकले तिरको करबाट बजेट विनियोजन र खर्च हुन्छ । नागरिकको हितको लागि बन्ने आयोजनाले उचित प्रतिफल दिन सक्नुपर्छ । सार्वजनिक निजी साझेदारी मोडलबाट चलाउने सहमतिलाई खारेज गरेर एउटा कम्पनीले व्यवस्थित ढंगले चलाउँछ भन्ने आकलन फेल भएको छ । अब बधशाला छिटो चलाउन उप-महानगरपालिकाले पहलकदमी लिनुपर्छ । यो कसैको हार वा जितको विषय नभएर राज्यको जिम्मेवारीको विषय हो, नागरिकप्रति जवाफदेही हुनु हो । अब उप-महानगरपालिकाले बधशालाको दिगो सञ्चालनका लागि पहलकदमी लिनुपर्छ ।

राज्यको २३ करोड लगानी भएको बधशाला अलपत्र पर्दा आगामी दिनमा यस्ता आयोजनामा हुने लगानीबारे प्रश्न उठ्नु राम्रो होइन । लगानी गर्न हच्किनुपर्ने देखियो । उप-महानगरपालिका स्थानीय सरकार हो, घरदैलोको सरकारले वस्तुगत अवस्था बुझेर अघि बढ्दा जित स्थानीय सरकारकै हुन्छ । राज्यको लगानी प्रतिफलमुखी हुँदा विकासप्रति नागरिकको अपनत्व हुन्छ । विगतका कमजोरीबाट पाठ सिक्दै बधशालालाई चलाउने जिम्मा बुटवल उप-महानगरपालिकाको हो ।

# प्रकृतिलाई जित्न सकिँदैन : स्वभाव बुझेर सुरक्षित रहन सकिन्छ



**राजु सिटौला**

अगस्ट २६, २०२६ मा रसुवाको लाङटाङ लिरुङ हिमालको उत्तरतर्फ ल्हेन्दे खोला क्षेत्रमा भएको आधार चट्टान हिमनदी टुक्रिने घटना आधुनिक नेपालको सबैभन्दा विनाशकारी प्राकृतिक विपत्तिमध्ये एक हुन पुग्यो । यो एउटा बाढी नभएर हिमनदी, चट्टान, गेग्रान र नदी प्रणालीले क्रमशः एकअर्कालाई जन्म दिएको शृंखलाबद्ध प्राकृतिक विपत्ति थियो ।

सेप्टेम्बर ५ सम्म सार्वजनिक विवरणअनुसार नेपालमा १,३०० भन्दा बढी मानिसको मृत्यु भइसकेको छ, हजारौँ अझै बेपत्ता छन् र प्रारम्भिक सरकारी मूल्याङ्कनले करिब २.६ अर्ब अमेरिकी डलर बराबरको भौतिक क्षति देखाएको छ । खोज, उद्धार र क्षतिको मूल्याङ्कन जारी रहेकाले यी तथ्याङ्क परिवर्तन हुन सक्छन् ।

अब हाम्रो प्रश्न 'यो विपत्ति किन आयो ?' भन्नेमा सीमित हुनु हुँदैन । महत्त्वपूर्ण प्रश्न तयस्ता विपत्ति भविष्यमा दोहोरिए भने हामी कसरी सुरक्षित रहने भन्ने हो ।

**त्यो दिन वास्तवमा के भयो ?**

युनिभर्सिटी अफ रिडिङकी जलवायु तथा हिमनदी विज्ञ प्रा. मारिया साह्गेदानोभाका अनुसार करिब ५ हजार २०० मिटर उचाइमा रहेको लाङटाङ लिरुङ क्षेत्रको लगभग १ देखि १.३ किलोमिटर चौडा हिमनदी र त्यसमुनिको आधार चट्टानको विशाल भाग एकैपटक छुट्टियो । यहाँ 'आधार चट्टान' भन्नाले पहाडबाट झरेको ढुङ्गा होइन, पहाडकै संरचनात्मक भागका रूपमा रहेको ठोस चट्टानलाई बुझिन्छ ।

चट्टान र बरफको विशाल पिण्ड करिब दुई किलोमिटर तल उपत्यकातर्फ तीव्र गतिमा खस्दा ठूलो कम्पन उत्पन्न भयो। अमेरिकी भूगर्भ सर्वेक्षण विभागले त्यसलाई करिब ५.२ म्याग्निच्युडको भूकम्प बराबर मापन गरेको थियो ।

त्यसैले सुरुमा भूकम्प नै कारण हो भन्ने आशंका गरिएको थियो । तर पछिल्ला भूउपग्रह चित्र र वैज्ञानिक विश्लेषणले उल्टो निष्कर्ष देखाए – कम्पन कारण होइन चट्टान हिम पिण्ड खस्दा उत्पन्न भएको परिणाम थियो ।

माथिबाट झरेको चट्टान र बरफमा उपत्यकाको गेग्रान मिसिँदै गयो । बहावले थप माटो, ढुङ्गा, बरफ र पानी समेट्दै क्रमशः अत्यन्त गतिशील गेग्रानयुक्त प्रवाहको रूप लियो । यही प्रवाह ल्हेन्दे खोला हुँदै भोटेकोसीमा मिसियो र त्यस दिन नदीमा औसतभन्दा करिब दुई करोड क्युबिक मिटर बढी पानी थपिएको अनुमान गरिएको छ ।

यसलाई शृंखलाबद्ध विपत्ति भनिन्छ जहाँ एउटा भूगर्भीय घटनाले अर्को घटनालाई जन्म दिँदै विनाशको दायरा विस्तार गर्छ ।

**हिमनदी किन अस्थिर बन्छ ?**

हिमनदी पहाडमा थुप्रिएको स्थिर हिउँको ढिस्कोमात्र होइन । यो गुरुत्वाकर्षणका कारण बिस्तारै बगिरहेको बरफको विशाल पिण्ड हो । वर्षौँसम्म जमेको हिउँ दबाबका कारण क्रमशः 'फर्न' हुँदै ठोस हिमनदीय बरफमा रूपान्तरित हुन्छ । भित्री भाग प्लास्टिकजस्तै लचिलो बन्छ र भिरालो भागतर्फ बिस्तारै सर्दै जान्छ ।

यही क्रममा हिमनदीले आधार र किनारका चट्टानलाई क्षयीकरण गर्छ । चट्टानका दरारमा पानी पस्ने, पग्लने जम्ने चक्र दोहोरिने, हिमनदी पछाडि सर्दा पहाडले पाउँदै आएको सहारा घट्ने तथा स्थायी रूपमा जमेको जमिन (पर्माफ्रोस्ट) पग्लिनेजस्ता प्रक्रियाले उच्च हिमाली भूभाग अस्थिर बन्न सक्छ ।

यद्यपि अगस्ट २६ को घटनामा कुन कारणले निर्णायक भूमिका खेल्यो भन्ने अझै अनुसन्धानकै विषय हो । विश्वव्यापी तापवृद्धिले हिमनदी र उच्च हिमाली ढलानमा दीर्घकालीन परिवर्तन ल्याइरहेको तथ्य स्थापित भए पनि कुनै एक विशिष्ट घटनाको कारण निर्धारण गर्न छुट्टै वैज्ञानिक अध्ययन आवश्यक हुन्छ ।

यसको अर्थ जलवायु परिवर्तनको जोखिम कम आँक्नु होइन । बरु ठूलो परिमाणमा हरितगृह ग्यास उत्सर्जन गर्ने देशहरूले उत्सर्जन घटाउनुका साथै नेपालजस्ता उच्च जोखिम भएका तर न्यून उत्सर्जन गर्ने देशलाई अनुकूलन, पूर्वसूचना र वैज्ञानिक अनुसन्धानमा सहयोग गर्नुपर्छ ।

**यस्ता घटना नेपालमै पहिलो होइन**

हिमताल विस्फोटमात्रै हिमाली बाढीको स्रोत होइन । इतिहासमा चट्टान हिम पहिरो, गेग्रान बहाव र नदी अवरोधपछि उत्पन्न भएका यस्ता विपत्ति बारम्बार देखिएका छन् ।

सन् ०१८ मा तिब्बतको सेडोङ्पु क्षेत्रमा चट्टान हिमनदी टुक्रिएपछि यार्लुङ साङ्पो नदी अवरुद्ध भएर अस्थायी ताल बनेको थियो । सन् २०२१ मा भारतको उत्तराखण्डस्थित चमोली क्षेत्रमा रोन्टी पिकबाट खसेको विशाल चट्टान हिम पहिरोले ऋषिगङ्गा-धौलीगङ्गा उपत्यकामा करिब दुई सय मानिसको ज्यान लियो । सन् २०२५ मा स्विट्जरल्यान्डको ब्ल्याटेन गाउँमाथि भएको बर्च हिमनदीसँग सम्बन्धित पहिरोले गाउँको अधिकांश भाग पुरेर नदीसमेत अवरुद्ध पारेको थियो । यी घटनाले एउटै पाठ सिकाउँछन् – हिमतालमात्र होइन, हिमनदी र त्यस वरपरका अस्थिर चट्टानी ढलान पनि विनाशकारी विपत्तिको प्रारम्भिक स्रोत बन्न सक्छन् ।

**जोखिम नदी किनारमा मात्रै छैन**

नेपाल भूकम्प, पहिरो, हिमताल विस्फोट, चट्टान-हिम पहिरो, नदीजन्य बाढी, गेग्रान बहाव र पहिरोले बनाएका प्राकृतिक बाँध फुट्दा आउने बाढीसमेत गरी बहुप्रकोपीय जोखिम भएको देश हो । चिन्ताजनक के हो भने धेरै घना बस्ती नदीले हजारौं वर्षमा बनाएका मैदान, नदी सङ्गम र पहाडबाट निस्केका खोलाले गेग्रान थुपारेर बनाएका अलुभियल फ्यान भनिने पंखा आकारको जमिनमाथि विकसित भएका छन् ।

पोखरा यसको उत्कृष्ट उदाहरण हो । सम्पूर्ण पोखरा एउटै जोखिममा छैन तर सेती नदीको सक्रिय करिडोर, बाढीले थुपारेका होचा मैदान र नदी बहाव क्षेत्रनजिक अनियन्त्रित बस्ती विस्तारले जोखिम बढाउँछ । मेलम्ची अर्को उदाहरण हो । सन् २०२१ को बाढीमा नदीले ठूलो परिमाणमा गेग्रान थुपार्दै बजार र पूर्वाधारमा व्यापक क्षति पुऱ्याएको थियो । पूर्वी नेपालको कोसी अलुभियल फ्यानमा त इतिहासभर नदीले धार परिवर्तन गरिरहेकाले वर्तमान नदीधार मात्रै हेरेर जोखिम मूल्याङ्कन गर्नु अपर्याप्त नै हुन्छ ।

त्यसैले कुनै समथर जमिन देख्दा पहिलो प्रश्न हुनुपर्छ – यो जमिन कसरी बनेको हो ?

त्यो भूभाग हजारौँ वर्षको बाढी, धार परिवर्तन वा गेग्रान बहावले बनेको हो भने भविष्यमा पनि त्यही प्राकृतिक प्रक्रिया दोहोरिन सक्छ । प्रकृतिले आफ्नो पुरानो बाटो सजिलै बिर्संदैन ।

**हाम्रो कमजोरी : विपत्तिपछि बिर्सने बानी**

विसं २०७२ सालको भूकम्पपछि भूकम्पप्रतिरोधी भवन, भवन संहिता र जोखिमबारे व्यापक बहस भयो । केही वर्षमै त्यो उत्साह हरायो । बाढी आए नदी अतिक्रमण सम्झन्छौँ, पहिरो गए अव्यवस्थित सडक सम्झन्छौँ, हिमताल विस्फोट भएपछि अनुगमन सम्झन्छौँ अनि फेरि पुरानै अभ्यासमा फर्कन्छौँ ।

पछिल्ला अध्ययनले हिन्दुकुश हिमालय क्षेत्रमा हिमताल र हिमनदीसँग सम्बन्धित जोखिम बढिरहेको देखाएका छन् । नेपालमा करिब २,०७० हिमताल पहिचान भएका छन् र तीन प्रमुख नदी बेसिनका ४७ सम्भावित जोखिमयुक्त हिमतालमध्ये २१ नेपालमै पर्छन् ।

तर अगस्ट २६ को घटनाले नयाँ चेतावनी दिएको छ – अब हिमतालको मात्रै निगरानी गरेर पुग्दैन । अस्थिर हिमनदी, पर्माफ्रोस्ट क्षेत्र, चट्टानी ढलान, सुस्त गतिमा सर्ने ठूला पहिरो र तिनको तल्लो तटीय प्रभाव क्षेत्रसमेत समेट्ने बहुजोखिम अनुगमन प्रणाली आवश्यक छ ।

**समाधानका चार आधार**

**पहिलो – जोखिमयुक्त भूभागमा नयाँ बस्ती नबसाल्ने**

विपद् जोखिम न्यूनीकरणको सबैभन्दा प्रभावकारी उपाय अत्याधुनिक प्रविधि होइन । बरु अत्यधिक जोखिम भएका स्थानमा विद्यालय, अस्पताल, घना बस्ती र महत्त्वपूर्ण पूर्वाधार नबनाउनु हो । जोखिम संवेदनशील भूउपयोग योजना कानुनसँग जोडिनुपर्छ र आवश्यक परे चरणबद्ध सुरक्षित स्थानान्तरणसमेत विचार गर्नुपर्छ ।

**दोस्रो – वैज्ञानिक अनुगमन र पूर्वसूचना**

जीपीएस, आईएनएसएआर (InSAR), भूउपग्रह, फोटो क्यामेरा, भूकम्पीय संवेदक र स्वचालित नदी जलमापन प्रणाली प्रयोग गरेर हिमनदी, हिमताल, पहिरो र नदीको नियमित निगरानी गर्न सकिन्छ ।

तर सेन्सर राख्नुमात्रै पूर्वसूचना होइन । प्रभावकारी प्रणालीका चार आधार हुन्छन् – जोखिमसम्बन्धी ज्ञान, अनुगमन र पूर्वानुमान, चेतावनी सम्प्रेषण तथा समुदायको पूर्वतयारी ।

**तेस्रो – चेतावनीलाई तत्काल कार्यमा रूपान्तरण**

एसएमएस वा माइकिङ गरेरमात्र जिम्मेवारी पूरा हुँदैन । गम्भीर जोखिमको पूर्वानुमान हुँदा स्थानीय प्रशासनसँग क्षेत्र खाली गराउने, साइरन सञ्चालन गर्ने, सुरक्षित निकास मार्ग सक्रिय गर्ने र नागरिकलाई सुरक्षित स्थानमा पुऱ्याउने स्पष्ट अधिकार र कार्ययोजना हुनुपर्छ ।

**चौथो – जनचेतना र नियमित पूर्वाभ्यास**

समुदायले चेतावनीको अर्थ बुझ्नुपर्छ । कहाँ जाने, कुन मार्ग सुरक्षित छ, ज्येष्ठ नागरिक र बालबालिकालाई कसरी सार्ने, प्राथमिक उपचार कहाँ पाइन्छ ?

यस्ता विषय विपत्ति आउनुअघि नै अभ्यासबाट सिकाइनुपर्छ । विद्यालय, स्थानीय सरकार, सुरक्षा निकाय र समुदायको संयुक्त पूर्वाभ्यास अनिवार्य हुनुपर्छ ।

**जापानबाट सिक्न सकिने पाठ**

जापानले भूकम्प रोक्न सकेको त छैन, तर उसले भूकम्पसँग सुरक्षित भएर बाँच्ने प्रणाली निर्माण गरेको छ । त्यहाँ भवन मापदण्ड, जोखिम नक्साङ्कन, पुराना संरचनाको प्रबलीकरण, नियमित पूर्वाभ्यास, जनचेतना र पूर्वसूचना प्रणाली एकीकृत रूपमा सञ्चालन हुन्छन् ।

नेपालले जापानको आर्थिक क्षमताको नक्कल गर्न नसक्ला तर जोखिम नक्सालाई भूउपयोगसँग जोड्ने, भवन संहिता कार्यान्वयन गर्ने, नियमित पूर्वाभ्यास गर्ने र चेतावनीलाई तत्काल नागरिक सुरक्षामा रूपान्तरण गर्ने संस्थागत संस्कार अवश्य सिक्न सक्छ ।

**विपत्तिको सामाजिक पाटो**

विपत्तिले वैज्ञानिक क्षमतामात्र होइन सामाजिक जिम्मेवारीको पनि परीक्षा लिन्छ । भोटेकोसी महाविपत्तिपछि सामाजिक सञ्जालमा पुराना तस्बिरलाई नयाँ भन्दै फैलाउने, अपुष्ट सूचना प्रसारण गर्ने, कृत्रिम सामग्री प्रचार गर्ने तथा मृतक र पीडित परिवारका निजी दृश्य सार्वजनिक गर्ने प्रवृत्ति देखियो ।

विपद् व्यवस्थापनमा विश्वसनीय सूचना पनि पूर्वाधारजत्तिकै महत्त्वपूर्ण हुन्छ । आधिकारिक पुष्टि नभएको सूचना नफैलाउने, पीडितको गोपनीयता सम्मान गर्ने र संकटमा मानवीय संवेदनशीलता कायम राख्ने संस्कार विकास गर्नुपर्छ ।

**निष्कर्ष – सहअस्तित्वको विकास मोडेल**

हामी भारतीय र युरेसियन प्लेटको अभिसरण रोक्न सक्दैनौ । हिमालयको उठान, भूकम्प, हिमनदीको गति वा नदीको प्राकृतिक व्यवहार समाप्त गर्न सक्दैनौ । तर तिनबाट उत्पन्न हुने जोखिमको असर भने कम गर्न सक्छौँ ।

हामी जोखिमयुक्त भूभाग पहिचान गर्न सक्छौँ । वैज्ञानिक अनुगमन गर्न सक्छौँ । चेतावनी आएपछि नागरिकलाई समयमै सुरक्षित स्थानमा सार्न सक्छौँ । भवन संहिता लागु गर्न सक्छौँ । पूर्वाधार निर्माणअघि भूगर्भीय र जलवैज्ञानिक अध्ययन अनिवार्य बनाउन सक्छौँ ।

अगस्ट २६ को महाविपत्तिले दिएको सबैभन्दा ठूलो सन्देश यही हो– हिमताल, हिमनदी, चट्टान, नदी र बस्तीलाई एउटै अन्तरसम्बन्धित प्रणालीका रूपमा हेर्नुपर्छ। विपत्ति हिमालको टुप्पोमा सुरु हुन सक्छ, तर त्यसको परिणाम सयौँ किलोमिटर तलका बस्तीले भोग्न पुग्छन् ।

प्रकृतिले आफ्नो नियम परिवर्तन गरेर हामीसँग सम्झौता गर्दैन । हामीले नै विज्ञान, पूर्वतयारी र विवेकका आधारमा आफ्नो विकास, बस्ती र जीवनशैलीलाई प्रकृतिको स्वभावअनुकूल बनाउनुपर्छ । प्रकृतिलाई जित्न त सकिँदैन तर त्यसको स्वभाव बुझेर र सम्मान गरेर सुरक्षित रहन सकिन्छ ।

बाह्रखरीबाट

# सेयर बजार १८ अङ्कले बढ्यो



काठमाडौँ । साताको पहिलो कारोबार दिन सोमबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उत्साहजनक सुधार देखिएको छ । नेप्से १८.०७ अङ्कले बढेर २५६०.८४ विन्दुमा पुगेर बन्द भएको छ ।

बजारमा कुल ३५२ वटा कम्पनीका ९२ लाख ९८ हजार ९४ कित्ता सेयर ५० हजार ८४४ पटक खरिदबिक्री भएका छन् । यसबाट कुल ३ अर्ब ८३ करोड १५ लाख ८४ हजार ४२३ रुपैयाँ बराबरको कारोबार भएको छ ।

कुल १९५ कम्पनीको सेयर मूल्य बढेको छ भने ७९ कम्पनीको मूल्यमा गिरावट आएको छ । ४ कम्पनीको सेयर मूल्य भने स्थिर रहेको छ । पियोर इनर्जी नामक कम्पनीको सेयर मूल्यमा १५ प्रतिशतको उछाल आउँदा अन्य धेरै बढ्ने कम्पनीहरूको मूल्य एकल अङ्कमा मात्रै सीमित छ ।

फाइनान्स र ट्रेडिङ बाहेक सबै सूचक बढेका छन् । निर्जीवन बीमा कम्पनी सूचक सबैभन्दा धेरै २.०५ प्रतिशतले बढेको छ । बाढीका कारण विभिन्न संरचना बन्द हुँदा निर्जीवन बीमा क्षेत्रमा देखिएको पहिरो अहिलेको सुधारले थामेको देखिएको छ । बैंकिङ र उत्पादनमूलक क्षेत्रमा समेत सोही अनुसारको वृद्धि देखिएको छ ।

कारोबार रकमका आधारमा रिलायन्स स्पिनिङ मिल्स शीर्ष स्थानमा रह्यो । यस कम्पनीको २५ करोड २१ लाख ६६ हजार रुपैयाँ भन्दा बढीको सेयर कारोबार भएको छ । त्यसैगरी, गरिमा विकास बैंकको १७ करोड ८८ लाख, सोलु हाइड्रोपावरको १६ करोड २७ लाख र एसवाई प्यानलको १३ करोड ४४ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ ।

# भान्छाको 'तेजपत्ता': स्वास्थ्यका लागि मात्र होइन, सौन्दर्यका लागि पनि वरदान



सामान्यतया हामी तेजपत्तालाई एउटा सुगन्धित मसलाका रूपमा मात्र चिन्छौँ, जसले तरकारी वा पुलाउको स्वाद बढाउँछ ।

तर, प्राकृतिक गुणले भरिपूर्ण तेजपत्ता सौन्दर्य निखारका लागि पनि उत्तिकै प्रभावकारी मानिन्छ । छाला (त्वचा) र कपालको समस्या समाधानमा यसको प्रयोग निकै लाभदायक हुन्छ ।

**तेजपत्तालाई सौन्दर्यका लागि निम्न ५ तरिकाले प्रयोग गर्न सकिन्छः**

**१. अनुहारका काला दाग हटाउन**

यदि तपाईंको अनुहारमा डण्डीफोर वा अन्य कारणले काला दागहरू बसेका छन् भने तेजपत्ता निकै सहयोगी हुन्छ ।

यसका लागि तेजपत्तालाई पानीमा राम्ररी उमाल्ने र उक्त पानीले नियमित अनुहार धुने गर्नाले छाला सफा हुनुका साथै दागहरू बिस्तारै हराउँदै जान्छन् ।

**२. घामबाट डढेको छालाको सुरक्षा**

कडा घामका कारण छाला डढ्ने वा छालाको रङ्ग असमान हुने समस्या छ भने तेजपत्ताको पानी प्रयोग गर्न सकिन्छ । यसले छालालाई प्राकृतिक शीतलता प्रदान गर्नुका साथै रङ्गमा एकरूपता ल्याउन मद्दत गर्छ ।

**३. रेशमी र चमकदार कपालका लागि**

कपालको प्राकृतिक चमक हराएको छ वा खस्रो भएको छ भने तेजपत्ताको पानीले कपाल धुने गर्नुहोस् । यसको नियमित प्रयोगले कपाललाई नरम, मुलायम र चमकदार बनाउन मद्दत गर्छ ।

**४. छालाको पोषण र सफाइ**

तेजपत्ताको पातलाई पिसेर लेप बनाउने र त्यसमा दही मिसाएर अनुहार तथा शरीरमा लगाउनाले छालाको गहिरो सफाइ हुन्छ । यसले छालालाई आवश्यक पोषण प्रदान गरी प्राकृतिक रूपमै चम्किलो बनाउँछ ।

**५. बलियो र सेतो दाँतका लागि**

तेजपत्ता दाँतको चमकका लागि पनि अचुक औषधि हो । तेजपत्तालाई घाममा सुकाएर धुलो बनाउने र उक्त धुलोले दाँत माझ्ने गर्नाले दाँतको पहेलोपना हट्छ । यसले दाँतलाई मजबुत बनाउनुका साथै मुस्कानमा चमक थप्छ ।

# जहाँ पाक्छ निःशुल्कमा खाना



**सजना तिमल्सिना**

ललितपुरको ग्वार्कोबाट पाँच किलोमिटरको दूरीमा छ, महालक्ष्मी नगरपालिका-८ लुभु। गोदावरी खोलाबाट देब्रे लागेपछि झण्डै पाँच सय मिटर हिँडेपछि पुगिने एउटा वस्तीमा अलि फरक दृश्य देखिन्छ।

वरिपरि नयाँ घर बनिरहेका छन्। बस्ती बाक्लो बन्दै गए पनि एउटा जग्गा खाली छ। त्यो खाली जमिनमा असरल्ल ठूला-साना ढुङ्गा छन्। तिनै ढुङ्गामाथि दुई वटा चियादानी र एउटा कुकर राखिएको छ। एउटा चियादानीमा पानी उम्लिरहेको छ भने अर्कोमा चिया पाकिरहेको छ। कुकरमा सिट्ठी लागिरहेको छ।

बजारमा खाना पकाउने एलपी ग्यासको अभाव भएको बेला यहाँ स्थानीयले निःशुल्करुपमै दैनिक खाना पकाइरहेका छन्। 'यसरी खाना पकाएको धेरै भयो। खुला जमिनमा २४ घण्टा आगो बलिरहन्छ। यसैमा खाना पकाएर घरमा लगेर खान्छौँ।'- हुम्ला घर भइ लुभु-८ भाडाको घरमा बस्दै आएकी अनिता जैशीले भनिन्।

घर नजिकै रहेको खाली जग्गामा खेर गइरहेको ग्यासको सदुपयोग गरेको उनी बताउँछिन्। निःशुल्क ग्यास सदुपयोगको अनुभव सुनाउँदै उनले भनिन्-'बिहान बेलुका दाल, गेडागुडी पकाउँछु। मैले मात्र होइन साँझ र बिहान वरिपरि घर भएका धेरै परिवारले दाल-भात पकाउनुहुन्छ।'

घरमा खाना पकाउन प्रयोग हुने ग्यासजस्तै प्राकृतिक रूपमा निस्किएको ग्यासले स्थानीयको भान्साको काम गरिरहेको छ। भान्सामा मात्र सीमित नभई कतिपयको लागि यो ग्यास आयस्रोतको बाटो पनि बनेको छ। उनी भन्छिन्-'हामी साँझबिहान मात्रै पकाउँछौं, एक जना दिदीले त दिनभरि मकै पोलेर राम्रो आम्दानी गर्नुहुन्छ।'

चार जनाको परिवारलाई बिहान बेलुका दाल, भात र तरकारी पकाउन पुग्ने उनको भनाइ छ। राजधानीमै रहेर पनि यो ठाउँमा सरकारको नजर नपुगेको जैशी बताउँछिन्। 'बजारमा ग्यास किन्न पनि पाइँदैन। राजधानी सहरमै यस्तो ग्यास छ। थोरै मान्छेलाई वा एक दुई सय परिवारलाई त पुग्ने थियो तर किन सरकारले सदुपयोग नगरेको हो भन्ने लाग्छ।'-जैशी भन्छिन्।

उनीजस्तै अरू स्थानीय पनि बिहान-बेलुका भाँडाकुँडा बोकेर यही ठाउँमा पुग्छन्। कसैका लागि यो वर्षौंदेखिको परिचित ठाउँ हो भने कसैका लागि प्रकृतिले दिएको अनौठो उपहार। ललितपुर सानागाउँका ५६ वर्षीय बाबुकाजी महर्जन यो ग्यासमा खाना पकाउन आउनेहरूको संख्या समयअनुसार बढिरहेको बताउँछन्। 'घरमा ग्यास किन्नुपर्छ। यहाँ प्रकृतिले दिएको ग्यास छ। यसको राम्रोसँग अध्ययन गरेर प्रयोग गर्न सके स्थानीयलाई ठूलो सुविधा हुन्थ्यो।'-उनी भन्छन्।

महर्जन यो ग्यास ४५ वर्षदेखि खेर गइरहेको सुनाउनुहुन्छ। बाल्यकालदेखि नै आगो उस्तै बलिरहेको उनको भनाइ छ। महर्जन थप्छन्-'न घाम न पानी, न हुरी न आँधी यो आगो निरन्तर बलिरहेको छ। पहिले यहाँ पूरै घारी थियो, अहिले घर बन्न थालिसके। यसरी ग्यास निरन्तर बलिरहँदा बस्तीका लागि जोखिम पनि भयो नि !'

यही आगोले एउटा ठूलो प्रश्न पनि उठाएको छ–जमिनमुनिबाट निरन्तर निस्किरहेको यो ग्यास आखिर के हो ? यसको मात्रा कति छ ? र यसलाई स्थानीय ऊर्जा स्रोतका रूपमा प्रयोग गर्न सकिन्छ कि सकिँदैन ? स्थानीयले वर्षौंदेखि प्रयोग गर्दै आए पनि यसको वैज्ञानिक सम्भाव्यताबारे भने पर्याप्त अध्ययन भएको देखिँदैन।

वडाध्यक्ष विश्वराज श्रेष्ठ यसबारेमा विभिन्न संस्थाले अध्ययन गरिसकेको बताउँछन्। 'आगो निस्किएको धेरै भयो। अध्ययन पनि धेरै भयो। तर ग्यास निकाल्न मिल्दैन भन्ने निष्कर्ष सार्वजनिक भए। जग्गा धनी पनि यहाँ छैनन्। त्यही भएर अलि अप्ठ्यारो भएको छ। म यसबारेमा एकपल्ट फेरि खानी तथा भूगर्भ विभागमा बुझ्छु।'-उनले भने।

वडाध्यक्ष श्रेष्ठको यो दोस्रो कार्यकाल हो। पहिलो कार्यकालमा नै लुभुमा ग्यासको सम्भाव्यता र सदुपयोगको लागि पहल गरे पनि अझै केही हुन नसकेको उनको भनाइ छ। 'हामी आउनुभन्दा अगाडि नै एउटा इट्टा कारखाना थियो। त्यसको लागि बोरिङ खन्ने क्रममा यो निस्किएको हो। २०७२ सालको भूकम्पमा चिया पकाउने, खाना पकाउनेको भिड हुन्थ्यो। विभिन्न अध्ययनले व्यावसायिक उत्पादन हुँदैन भनेपछि बन्द गर्न खोजेको त्यो पनि हुँदैन। पाइप राखेर मिलाएका थियौं। तर मान्छेहरु गएर बिगारिदिन्छन्।'-उनले गुनासो गर्दै भने। खानी तथा भूगर्भ विभागले यहाँको ग्यास स्टोर गर्न नमिल्ने भनेपछि केही नगरेको महालक्ष्मी नगरपालिकाका प्रमुख हरिगोविन्द श्रेष्ठ बताउँछन्। 'खानी तथा भूगर्भ विभागमा यसबारेमा पहिले नै कुरा भएको थियो। तर यहाँबाट निस्किएको ग्यास भण्डारण गर्न मिल्ने खालको छैन भनेपछि त्यसै छाडेको हो।'-उनले भने।

लुभुको वडा नं. ८ मा यो पुरानो आगो भए पनि आसपास बोरिङ खन्दा ग्यास निस्कने गरेको उनको भनाइ छ। उनी भन्छन्-'अस्ति पनि डिप बोरिङ गर्दा खोलाको किनारमा ग्यास निस्किएको थियो। यो ठाउँमा किन यस्तो हुन्छ भनेर गहिरो अध्ययन गर्न आवश्यक छ।'

खानी तथा भूगर्भ विभाग, पेट्रोलियम परियोजनाका निमित्त प्रमुख धर्मराज खड्काका अनुसार जमिनबाट प्राकृतिक रूपमा ज्वलनशील ग्यास निस्कनु भूगर्भीय प्रक्रियासँग सम्बन्धित हुन सक्छ। कुनै स्थानमा ग्यास बलिरहेको देखिनु मात्रै त्यसलाई व्यावसायिक रूपमा उत्खनन गर्न सकिने पर्याप्त प्रमाण नभएको उनी बताउँछन्। 'व्यवसायिक उत्पादन र उत्खनन्का लागि विस्तृत भूगर्भीय अध्ययन, ग्यासको रासायनिक परीक्षण, भण्डारको अनुमान र आर्थिक तथा प्राविधिक सम्भाव्यता अध्ययन आवश्यक हुन्छ।' विसं २०७२ मा भूकम्प गएपछि काठमाडौं उपत्यकाको धेरै ठाउँमा यस्तो ग्यास निस्किएको उनी बताउँछन्। उनी भन्छन्-'बालुवा भएको ठाउँ ठाउँमा पानी सित घुलेर यस्तो ग्यास बसेको हुन्छ। २०७२ सालको भूकम्पमा तलको पानी र बालुवा घुलेर यो ग्यास निस्किएको हो। कुनै ठाउँमा इनार खन्दा यस्तो ग्यास निस्कन्छ। लुभुमा पनि अहिले त्यस्तै ग्यास निस्किएको हुनसक्छ। यो प्राकृतिक भन्दा पनि बायोजेनिक ग्यास हो। दैलेखतिर पाउनेजस्तो थर्मोजेनिक ग्यास चाहिँ होइन।'

बायोजेनिक ग्यास वैज्ञानिक रूपमा प्रयोग गर्न नमिल्ने उनी बताउँछन्। पेट्रोलियम परियोजनाका निमित्त प्रमुख खड्का भन्छन्-'काठमाडौं उपत्यकाको बाक्लो वस्तीमा भेटिएको बायोजेनिक ग्यास व्यावसायिक रूपमा प्रयोग गर्न मिल्दैन। यसको प्रयोगले समस्या ल्याउँछ।' यस्तो ग्यास उपत्यकाका विभिन्न ठाउँमा निस्किरहेको उनको भनाइ छ। 'काठमाडौंको टेकुमा पनि निस्किएको थियो। केही समय टेकुमा पनि स्थानीयले उपयोग गरे तर अहिले बन्द छ। कुनै ठाउँमा पहिलेदेखि निस्किएको होला त्यो त हामीलाई भन्दा पनि स्थानीयलाई थाहा हुन्छ।' खड्काका अनुसार उपत्यकामा कालीमाटी भएको ठाउँ ग्यास उत्सर्जन गर्ने स्रोत हो। त्यहाँबाट निस्किएको ग्यास बालुवाको माथिल्लो तहमा थोरै थोरै बसेको हुन्छ। कुनै ठाउँमा इनार खन्दा, कुनै ठाउँमा नदी किनार र खोँचहरुमा निस्कन्छ।

**अनुसन्धान गर्न स्थानीयको माग**

नगरपालिकाले मात्रै होइन, संघीय तहका सम्बन्धित निकायले समेत लुभुको ग्यासको वैज्ञानिक अध्ययन गर्नुपर्ने स्थानीयको माग छ। बाबुकाजी महर्जन भन्छन्-'मैले ४६ वर्षदेखि लगातार ग्यास बलिरहेको देखेको छु। यो ग्यासको अनुसन्धान गरेर उपयोग गर्न सरकारलाई अनुरोध गर्दछु।' लुभुको जमिनमुनि कति ग्यास छ भन्ने कुरा अहिले अनुमान गर्न सकिँदैन। महर्जन भन्छन्-'जमिनबाट निस्किएको ग्यासमा वर्षौंदेखि स्थानीयको खाना पाकिरहेको छ। यो विषयलाई सरकारले गम्भीर रूपमा लिनुपर्छ।'

महालक्ष्मी नगरपालिकाले व्यवसायीक ग्यास उत्पादन गर्न नसके पनि यो क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा संरक्षण गर्न सक्छ। तर यो विषयमा नगरपालिकाको ध्यान पुगेको देखिँदैन। नगरपालिकाको सानो लापरवाहीले वस्ती बढ्दै जाँदा कहिल्यै ननिभ्ने ग्यासका कारण यो क्षेत्र जोखिममा पर्नसक्ने महर्जनको भनाइ छ।

# बाढीपीडितका लागि स्वाभिमान लघुवित्तको सात लाख सहयोग

बुटवल। भोटेकोसी नदीमा आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायत आसपासका जिल्लामा भएको जनधनको क्षतिप्रति स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडले दुःख व्यक्त गर्दै बाढीपीडितका लागि रु. ७ लाख ३ हजार ५ सय ५३ सहयोग गरेको छ।

संस्थाले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत प्रभावित नागरिकको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम प्रदान गरेको जनाएको छ।

संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णराज चौधरीका अनुसार संस्थाको तर्फबाट रु. ५ लाख ५ हजार तथा सम्पूर्ण कर्मचारीहरूको तर्फबाट रु. १ लाख ९८ हजार ५ सय ५३ गरी जम्मा रु. ७ लाख ३ हजार ५ सय ५३ सहयोग गरिएको हो।

बाढीका कारण भएको मानवीय क्षतिप्रति संस्थाले गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ। साथै, बाढीका कारण सम्पर्कविहीन तथा बेपत्ता भएका व्यक्तिहरूको सकुशल खोजी तथा शीघ्र उद्धारको कामना गरेको छ।

प्राकृतिक विपदमा परी घाइते भई विभिन्न स्वास्थ्य संस्थामा उपचाररत व्यक्तिहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै संस्थाले प्रभावित नागरिक, सरकारी तथा गैरसरकारी संस्थाका कर्मचारी र परिवारजनले भोग्नुपरेको पीडाप्रति सहानुभूति व्यक्त गरेको छ।

राहत तथा उद्धार कार्यमा खटिएका सरकारी निकाय, स्थानीय तह, सुरक्षा निकाय, सामाजिक संघसंस्था तथा स्वयंसेवकहरूप्रति पनि संस्थाले आभार व्यक्त गरेको छ।

# बुटवल उ.वा.संघको अधिवेशनका लागि जिम्मेवारी तोकियो



बुटवल। बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको आगामी असोज २१-२३ गते आयोजना हुने ७३औं वार्षिक साधारणसभा तथा २६औं अधिवेशनका लागि कार्यसमिति सदस्यहरुलाई तयारीको जिम्मेवारी प्रदान गरिएको छ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालेको अध्यक्षमा सोमबार बसेको कार्यसमिति बैठकले विभिन्न १० वटा तयारी समिति गठन गर्दै त्यसका लागि कार्यसमिति सदस्यहरुलाई जिम्मेवारी प्रदान गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी दिए।

साधारणसभा तथा अधिवेशन तयारीका सन्दर्भमा कार्यसमिति सदस्य कृष्णप्रसाद पाण्डेलाई प्रस्ताव लेखन, कार्यसमिति सदस्य गणेशप्रसाद भट्टराईलाई किटव्याग व्यवस्थापन तथा रजिष्ट्रेसन, कार्यसमिति सदस्य विष्णु घिमिरे पन्त (कमला)लाई सदस्यता मत सर्वेक्षण, कार्यसमिति सदस्य रेनु श्रेष्ठलाई स्वागत तथा सत्कार, कार्यसमिति सदस्य रामबहादुर भण्डारीलाई खाना तथा जलपान व्यवस्थापन, कार्यसमिति सदस्य दिपक चापागाईंलाई निमन्त्रणा कार्ड व्यवस्थापन, कार्यसमिति सदस्य उमेश अमात्यलाई हल तथा मञ्च व्यवस्थापन तथा कार्यसमिति सदस्य टिकाराम बञ्जाडेलाई पार्किङ् व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ।

त्यसैगरी संघका पूर्वअध्यक्ष सुरेन्द्रप्रसाद श्रेष्ठलाई संघले प्रदान गर्ने आर्थिक पत्रकारिता पुरस्कार मुल्यांकन र पूर्वअध्यक्ष खिमबहादुर हमाललाई उत्कृष्ट उद्योगी-व्यवसायी मुल्यांकन संयोजकको जिम्मेवारी प्रदान गरिएको छ। बैठकले अधिवेशन सम्पन्न गर्नका लागि संघका कानुनी परामर्शदाता अधिवक्ता बाबुराम पाण्डेलाई प्रमुख निर्वाचन अधिकृत तथा अधिवक्ता माधव घिमिरे र अधिवक्ता गोविन्द मरासिनीलाई निर्वाचन अधिकृत नियुक्त गर्ने निर्णय गरेको छ।

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघको स्वास्थ्य समितिमा संघका उद्योग उपाध्यक्ष सुरज भट्टराई, सहरी विकास समितिमा महासचिव मुक्तिप्रसाद अधिकारी र महिला उद्यमी समितिमा कार्यसमिति सदस्य सुनिता शर्मा वञ्जाडे मनोनयन भएको तथा नेपाल-भारत व्यापार मण्डलको सचिवमा कार्यसमिति सदस्य दीपक घिमिरे मनोनित हुनुभएकोमा बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ।

संघले रसुवाको भोटेकोसी नदिमा आएको बाढी प्रभावितको राहत तथा उद्धारका लागि लागि नेपाल उद्योग वाणिज्य महासंघमार्फत् प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरेको छ। त्यस्तै उक्त विपत्तिमा परि ज्यान गुमाएकाहरुको सम्झना तथा दिवंगत आत्माको चिरशान्तिको कामना सहित आज सोमबार १३ दिनको दिन साँझ संघ परिसरमा दीप प्रज्ज्वलन गर्ने निर्णय गरिएको छ।

त्यस अवसरमा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य समेत रहेका संघका अध्यक्ष अर्यालले साधारण सभा तथा अधिवेशन सभ्य र भव्य बनाउन सबैले आ-आफ्नो स्थानबाट इमान्दार प्रयास गर्न आग्रह गर्दै आफ्नो तर्फबाट पनि अधिवेशनलाई मर्यादित र निश्पक्ष बनाउन इमान्दार भूमिका खेल्ने बताए।

त्यस्तै नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य समेत रहेका संघका निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजूले संघको गरिमा बढ्दा र संघ बलियो बन्दा यसका सदस्यहरुको पनि गरिमा बढ्ने र बलियो हुने भएकाले संघको गरिमा बढाउने र बलियो बनाउने गरी लाग्न सबैलाई आग्रह गरे।

बैठकमा संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्तिप्रसाद अधिकारी, कोषाध्यक्ष बसन्तप्रसाद ढकाल, सचिव प्रतीक पोखरेल तथा सहकोषाध्यक्ष धनकला खनालले समसामयिक विषयमा आ-आफ्ना भनाई राखेका थिए।

**छिटो...**

सरकारले अन्तर्राष्ट्रिय सहयोग लिएर बेलैमा उद्धार तथा खोजी गर्न पनि कन्जुस्याई गरेको उनीहरूको आरोप छ।

११ औं दिनसम्म पनि जीवितै उद्धार भईरहकोले सरकारले समयमा नै त्रिशूली ३ बी मा पनि खोजी कार्य गरिदिएमा त्यहाँ रहेका मानिसहरूलाई सकुशल उद्धार गर्न सकिने आफन्तहरूको आश छ। सरकारलाई कुनै एक ठाउँमा मात्रै उद्धारमा केन्द्रित नहुन उनीहरूले आग्रह गरेका छन्।

प्रर्दशनमा सहभागीहरूले 'उद्धार गर्न कठिन छ भन उद्धार गर्न नहुने कुरा हुँदैन', 'कति घर बसेर कुरेर, रोएर दिन बिताउने हामी पीडित ?' '१३ दिन भईसक्यो र पनि उद्धारको सूचना खै ?', त्रिशूली ३ बी लाई प्राथमिकता दिनुस्' लगायत नारा लेखिएका प्लेकार्ड बोकेका थिए।

**रास्वपाको...**

विगतमा नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीहरूको पछाडि लागेर मन्त्रालय र सत्ताको खेलमा सहभागी हुनु नै आफ्नो पार्टीको ठूलो गल्ती भएको भन्दै उनले त्यसको आत्मसमीक्षा गरिएको र २१ जनालाई कारबाही गरिएको बताए। मुलुकमा भ्रष्टाचार र कमिसनतन्त्रको शैली मात्र फेरिएको तर नियन्त्रण हुन नसकेको उल्लेख गर्दै उनले वर्तमान नेतृत्व पूर्णरूपमा असफल भएको बताए। 'विगतको निर्वाचनमा विकास र सुशासन तथा पुरानो होइन, नयाँको नारा दिइयो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बहुमत पायो। बहुमत पाइसकेपछि विकास र सुशासन हरायो। अहिले पनि सुशासन जनताले पाएका छैनन्। अहिले पनि कुशासनै कायम छ। आज देश आर्थिक संकटमा परेको छ। गरिब जनतामाथि करको भार थपिएको, कृषि, उद्योग र पर्यटन क्षेत्र खस्कँदै गएको तथा देश आर्थिक मन्दी र 'ग्रे लिस्ट' को जोखिममा परेको प्रति उनले चिन्ता व्यक्त गरे।

त्यस्तै पार्टीका उपाध्यक्ष तथा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले अहिले देशको अवस्था ठीक नरहेको बताए। उनले जसपा नेपाल अहिले प्रतिनिधि सभामा नभए पनि सडकमा भएको बताउदै सदन र सरकार भए पनि सडक हाम्रो रहेको बताए।

कार्यक्रममा पूर्व रक्षा राज्यमन्त्री रामवचन यादव, लुम्बिनी प्रदेशसभा सदस्य अम्बिका काफ्ले, जसपा नेपालको केन्द्रीय सदस्यलगायतका नेताहरुले कुरा राखेका थिए। जसपा नेपाल रुपन्देहीका अध्यक्ष सियाराम यादवको अध्यक्षता, रवि यादवको स्वागत तथा जिल्ला सचिव विष्णु अधिकारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको छ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय पर्वत, कुस्मा**

**व्यक्ति एउटै भएको प्रमाणित गरिएको सम्बन्धमा।**

**श्री जो जस संग सम्बन्ध छ।**



**प्रकाशित मितिः २०८३।५।२३**

प्रस्तुत विषयमा पर्वत जिल्ला पाखापानी गा.वि.स. वडा नं. ६ बस्ने डिलबहादुर क्षेत्री तथा पत्नी नेत्र कुमारी क्षेत्रीको नागरिकता प्रमाण पत्रमा क्रमशः पतिको जन्म मिति २०२४।०२।०५, पत्नीको नाम नेत्र कुमारी क्षेत्री, जन्म मिति २०२५।०५।०५ भएको र निजले भारतीय सेनाको भू.पू.नं . १३७५१७९८ - एफ. हवल्दार पदमा नोकरी गरेको पेन्सन अभिलेखमा आफ्नो जन्म मिति २०२४।०२।०६ पत्नीको नाम नेतर कुमारी र जन्म मिति २०२८।०७।२४ भई फरक परेको भएता पनि यी दुवै जन्म मिति भएका पति र दुवै नाम थर र जन्म मिति भएकी निम्न फोटो प्रमाणित पति पत्नी व्यक्ति एउटै भएको भनी सम्बन्धित गा. वि.स. बाट लेखी आएको व्यहोरा प्रमाणित गरिएको छ।

**प्रमुख जिल्ला अधिकारी**


**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी



अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नं. १ मा लाखौं रुपैयाँ लगानीमा बनेको लदाम बगैंचा झाडीले भरिएको छ। बगैंचाको उचित सरसफाइ र संरक्षण नहुँदा र बगैंचा आकर्षक नहुँदा पर्यटक आगमन पनि नगण्य देखिएको छ। तस्विर : अनिल नेपाली/दैनिक लुम्बिनी

# आयुर्वेद औषधालय भवन पाँच वर्षदेखि अलपत्र



**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाको वालिङ नगरपालिका-१ त्रियासीस्थित यवादीमा बन्दै गरेको धनुबाँसे-खहरे आयुर्वेद औषधालय भवन लामो समयदेखि अलपत्र अवस्थामा रहेको छ। स्थानीयको स्वास्थ्योपचारमा सहज पहुँच विस्तार गर्ने उद्देश्यले स्थापित आयुर्वेद औषधालय भवन पाँच वर्षदेखि अलपत्र परेको छ।

सहरी विकास तथा भवन निर्माण कार्यालय पोखराअन्तर्गत २०७७ फागुनमा एक करोड ५८ लाख ८६ हजार १५५ रुपैयाँको लागतमा औषधालय भवन निर्माणको सम्झौता भएको थियो । सेफ इन्जिनियरिङ बिल्डर्स प्रालि चितवनसँग १८ महिनाभित्र निर्माण सक्ने गरी सम्झौता भए पनि निर्माण कम्पनीको लापरबाहीले औषधालय भवन पाँच वर्षदेखि अलपत्र परेको स्थानीयले बताएका छन् ।

१८ महिनभित्र सक्नुपर्ने भवनको काम पाँच वर्षमा झण्डै ६० प्रतिशत मात्रै काम सकिएको सहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन एकाइ पोखराका इञ्जिनियर लक्ष्मण लम्सालले बताए । सम्झौता बमोजिमको समयावधिमा काम सम्पन्न हुन नसकेपछि ठेक्का तोड्ने आशयको सूचना निकालिएको छ। निर्माण कम्पनीले अन्तिम पटक भदौको अन्तिमसम्ममा औषधालय भवन निर्माणको काम अगाडि नबढाए ठेक्का रद्द गरिने लम्सालले जनाए ।

'पहिलो ठेक्का सम्झौता गरेकै निर्माण कम्पनीबाट भवन सम्पन्न होस् भन्ने आयोजनाको चाहना छ,' इञ्जिनियर लम्सालले भने-'निर्माण कम्पनीको लापरबाहीले अलपत्र परेको औषधालय भवनको अब ४० प्रतिशत काम बाँकी रहेको छ ।' भवनको बाहिरी संरचना बनेपनि फर्निचर राख्न र भवन फिनिसिङ्ग गर्न बाँकी रहेको लम्सालले बताए ।

स्थानीय जनप्रतिनिधिले भवन निर्माण कार्य सम्पन्न गर्न पटकपटक आग्रह गर्दा कम्पनीले अटेरी गर्दै आएको वालिङ नगरपालिका-१ का वडाध्यक्ष पदमराज गुरुङ्ले बताए । निर्माणका क्रममा समस्या भए जनप्रतिनिधि र स्थानीयले सहयोग गर्छौं भन्दा समेत निर्माण कम्पनीले लापरबाही गर्दै आएको वडाध्यक्ष गुरुङ्ले बताए । नागरिकको स्वास्थ्यजस्तो संवेदनशील सेवा दिने उद्देश्यले स्थापना भएको औषधालय भवन निर्माण व्यवसायीको लापरबाहीले अलपत्र परेको उनले जनाए ।

औषधालय भवन निर्माणको काम समयमै सम्पन्न नहुँदा कार्यालय भाडामा लिएर सञ्चालन गर्नुपर्ने बाध्यता रहेको कार्यालय प्रमुख हरिप्रसाद अर्यालले बताए। भवन अभाव हुँदा औषधालयले प्रदान गर्ने सेवा प्रवाह गर्न असहज भएको छ। उपचारमा आउनेलाई औषधालयमा गराउनुपर्ने मेडिकल योगा, शिरोधारासहितका सेवाहरु प्रभावित भएका छन् । औषधालयबाट सामान्य सेवा, औषधोपचार तथा परामर्शका कामहरू सञ्चालन गर्दै आएको प्रमुख अर्यालले जानकारी दिए।

त्यसैगरी स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकास्थित आरुचौर आयुर्वेद औषधालय, आँधीखोला गाउँपालिकाको सेतीदोभान प्राथमिक स्वास्थ्य केन्द्र र वालिङ नगरपालिकास्थित धनुबाँसे-खहरे आयुर्वेद औषधालय विगत पाँच वर्षदेखि अलपत्र अवस्थामा रहेका छन् । निर्माण कम्पनीले तीनवटै स्वास्थ्य संस्था १२ करोड ७१ लाख १६ हजार ९३० रुपैयाँमा एकै पटक निर्माण गर्ने जिम्मा लिएको थियो।

# सामाजिक सञ्जालमा अफवाह फैलाउनेविरुद्ध प्रहरीले कडाइ गर्दै



बुटवल। सामाजिक सहिष्णुतामा आघात पुऱ्याउने अभिव्यक्ति, भिडियो सामाग्री प्रशारण गर्ने एक युवक आइतबार पक्राउ परे।

काठमाडौं चन्द्रागिरी नगरपालिका-१२ बलम्बु बस्ने बैतडी सुर्नया गाउँपालिका-७ घर भएका २४ वर्षीय वीरेन्द्र मडै पक्राउलाई साइबर ब्यूरोबाट खटिएको प्रहरीले आइतबार पक्राउ गऱ्यो।

वीरेन्द्रले भोटेकोसीमा आएको बाढीबाट भएको जनधनको क्षति सम्बन्धमा विभिन्न जात जातिलाई लक्षित गरी होच्याउने, अपमानित गर्ने तथा उक्त विपत्तिमा खुशी व्यक्त गर्ने भिडियो सामाग्री बनाइ सामाजिक सञ्जाल फेसबुकको रिलमा प्रशारण गरेका थिए।

वीरेन्द्र त प्रतिनिधि पात्र मात्रै हुन् । पछिल्लो समयमा सामाजिक सञ्जालमार्फत् गलत सूचना, अफवाह, भ्रामक समाचारलगायतका सामग्री प्रशारण गर्ने, संवेदनशील घडीमा पीडामा रहेका मानिसहरूले व्यक्त गरेका विचारहरूमाथि अनावश्यक टिप्पणी गरी होच्याई थप पीडा दिन खोज्ने जस्ता घटनाहरूको निगरानी गरी त्यसलाई नियन्त्रण तथा संलग्नलाई कानुनी दायरामा ल्याउने काम भइरहेको प्रहरीले बताएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक अबि नारायण काफ्ले भन्छन्-'बाढीको कारण भएको मानवीय क्षति तथा भौतिक क्षतिको यस दुस्खद घडिमा विभिन्न व्यक्ति, समूह तथा अराजक मानसिकता बोकेका व्यक्तिहरूले हृदय विदारक, विभत्स तस्विरहरू तथा भिडियो सामाजिक सञ्जालमा पोष्ट गरी जनमानसमा पीडा माथि थप पीडा हुने गरी त्रास फैलाउन एवम् सामाजिक सहिष्णुतामा आघात पुऱ्याउने गतिविधि नियन्त्रण गर्न प्रहरी थप सचेत भई निरन्तर रूपमा कार्य गरिरहेको छ।'

पछिल्लो तथ्याङ्क अनुसार सामाजिक सञ्जाल फेसबुकमा १ सय ६८ वटा, टिकटकमा ४ वटा र इन्स्टाग्राममा १ वटा गरी कुल १ सय ७३ वटा गलत सूचना र अफवाहसहितका समाचार सामग्रीहरू प्रशारण भएको देखिन्छ।

जसमध्ये साइबर सक्रियतामा फेसबुकबाट ७९ वटा र टिकटकबाट ४ गरी जम्मा ८३ वटा त्यस्ता सामाग्रीहरू सामाजिक सञ्जालबाट हटाइएको छ।

यस प्रकारका घटनाहरूको सामाजिक सञ्जालमा मोनिटरिङ गरी उक्त सामग्री तत्कालै हटाउन र त्यस्ता गतिविधिलाई रोक्न साइबर ब्यूरोका प्रहरी नायव उपरीक्षक गजेन्द्र आचार्यको संयोजकत्वमा १० सदस्यीय समिति गठन गरी यस सम्बन्धमा प्रभावकारी रूपमा कार्य समेत भइरहेको छ।

समितिले सामाजिक सहिष्णुतामा आघात पुऱ्याउने कार्यमा संलग्न उपर अनुसन्धान एवम् पहिचान समेत गरी सम्बन्धित प्रहरी कार्यालय वा सरोकारवाला निकायसँग समन्वय, सहकार्य गरी कानुनी कारबाही गर्नेछ।

समितिको काम कारबाहीका सम्बन्धमा प्रहरी नायव उपरीक्षक गजेन्द्र आचार्य भन्छन्-'सामाजिक सञ्जाल मार्फत गलत सूचना, अफवाह, भ्रामक समाचार लगायतका सामग्री प्रशारण गर्नेलाई तत्काल कानुनी दायरामा ल्याउन समिति अझ बढि क्रियाशील भई कार्य गरिरहेको छ। सामाजिक सञ्जालमार्फत् अनजानमा पोष्ट गरेका वा सेयर गरेका समाचारहरूको गाम्भिर्यता हेरी सचेत गराई हटाउन लगाइएको छ।'

विपद्को नाममा हुनसक्ने अपराध र गलत सूचना नियन्त्रण गर्न, विपदको मौका छोपी राहत संकलनको नाममा हुन सक्ने ठगीलाई पनि नियन्त्रण गर्न समेत नेपाल प्रहरी सक्रिय छ। सामाजिक सञ्जालमार्फत् प्रवाह भएको गलत सूचना, अफवाह, भ्रामक समाचारलगायतका सामग्री प्रतिको निगरानीलाई अझ तीव्र बनाउँदै सामाजिक सहिष्णुतामा आघात पुऱ्याउनेलाई कानुनी दायरामा ल्याइने प्रहरीले बताएको छ।

# स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ : मन्त्री पुन



**गौरीशंकर जयसवाल**

*परासी*

लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री दिपेन्द्रकुमार पुनले शिक्षा र कृषि क्षेत्र राम्रो भए मात्रै नागरिकको स्वास्थ्य अवस्था पनि राम्रो हुने बताएका छन्। उनले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अन्य क्षेत्रलाई समेत प्राथमिकतामा राखेर काम गर्नुपर्ने आवश्यकता औंल्याए।

उनले स्वास्थ्य क्षेत्रको समग्र सुधारका लागि स्वास्थ्यसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिएका शिक्षा, कृषि लगायतका अन्य क्षेत्रहरूमा समेत सुधार गर्न आवश्यक रहेकोमा जोड दिए । स्वास्थ्य कार्यालय नवलपरासीको आयोजनामा आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न स्वास्थ्य कार्यक्रमहरूको वार्षिक समीक्षा तथा आगामी योजनाबारे दुईदिने गोष्ठीलाई सम्बोधन गदै मन्त्री पुनले स्वास्थ्य क्षेत्रमा विभिन्न साझेदारी संस्थाले आ-आफ्नो क्षेत्रबाट छुट्टाछुट्टै कार्यक्रम सञ्चालन गरी सेवा तथा सहयोग पुऱ्याउँदै आएकोमा धन्यवाद व्यक्त गर्दै सबै स्थानीय तहले स्वास्थ्यका इन्डिकेटर (सूचक) लाई प्राथमिकतामा राखेर योजना तथा कार्यक्रम सञ्चालन गर्न सुझाव दिए।

त्यस्तै, स्थानीय तह र साझेदारी संस्थाबीचको सहकार्यलाई थप प्रभावकारी बनाउँदै स्वास्थ्य क्षेत्रका उपलब्धि र चुनौतीका आधारमा आगामी कार्यक्रम तय गर्नुपर्नेमा जोड दिए। जिल्ला समन्वय समितिका प्रमुख भगौतीप्रसाद (रूदल) यादवले स्वास्थ्य क्षेत्रमा देखिएका समस्या पहिचान गरी त्यसको समाधानका लागि नियमित अनुगमन, समन्वय र आवश्यक सुधारलाई निरन्तरता दिनुपर्नेमा समेत जोड दिएका थिए।

स्वास्थ्य कार्यालय नवलपरासीका प्रमुख अगदबहादुर शाहीले कार्यक्रममा स्वास्थ्य क्षेत्रमा भएका कामको समीक्षा गर्दै आगामी आर्थिक वर्षका लागि आवश्यक योजना, प्राथमिकता र रणनीति तय गर्ने उद्देश्य राखिएको जानकारी दिए।

कार्यक्रममा स्वास्थ्य कार्यालय नवलपरासी तथ्यांक अधिकृत यबदेव न्यौपानेले स्वास्थ्य कार्यालयले सञ्चालन गरेको आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न स्वास्थ्य कार्यक्रमहरूको वार्षिकबारे जानकारी गराएका थिए।

स्वास्थ्य कार्यालय नवलपरासीका वरिष्ट मलेरिया इपेस्टर देवीलाल पौडेलले स्थानीय तह तथा स्वास्थ्य संस्थाबाट भएका कार्यक्रमहरूको उपलब्धि र समस्याबारे समेत छलफल गरी स्वास्थ्य सेवा अझ प्रभावकारी बनाउने विषयमा योजना तर्जुमा गरिने बताए।

गोष्ठीमा स्वास्थ्य कार्यालय, स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्था तथा सम्बन्धित सरोकारवालाहरूको सहभागिता रहेको छ । कार्यक्रम स्थानिय तह प्रमुखहरूले आ-आफ्नो धारणा राखेको थिए।

# कालिका मानवज्ञानद्वारा बाढी प्रभावितलाई साढे १८ लाख

बुटवल । रुपन्देहीको बुटवल-१० स्थित कालिका मानवज्ञान माध्यमिक विद्यालयले बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि १८ लाख ४२ हजार ५ सय ४० रुपैयाँ सहयोग गरेको छ। विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको सहभागितामा संकलन गरिएको उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको विद्यालयले जनाएको छ।

विद्यार्थीहरूको अभियानबाट ९६४०० र क्यु आर अभियान बाट १००१ गरि कुल १८ लाख ४२ हजार ५ सय ४० रुपैयाँ प्रधानाध्यापक दैवी प्रकोप कोषमा जम्मा गरिएको विद्यालयका प्रधानाध्यापक विष्णुहरि ज्ञवालीले जानकारी दिए।

गत भदौ १० गते रसुवाको भोटेकोसी नदीमा आएको अकल्पनीय तथा भयावह बाढीका कारण रसुवा, धादिङ, नुवाकोटलगायत जिल्लामा ठूलो जनधनको क्षति भएपछि विद्यालयले विपदमा परेका नागरिकप्रति ऐक्यबद्धता जनाउँदै सहयोग संकलन अभियान सञ्चालन गरेको बिध्यालयका प्रधानाध्यापक विष्णुहरि ज्ञवाली ले जानकारी दिए।

विद्यालयले सार्वजनिक गरेको शोक तथा समवेदना सन्देशमा प्राकृतिक विपदमा परी ज्यान गुमाउने सम्पूर्ण दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरिएको छ । साथै घाइतेहरूलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्दै हराइरहेका नागरिकको खोजतलास तथा उद्धार कार्य निरन्तर जारी रहोस् भन्ने कामना गरिएको छ।

विद्यालय परिवारले विपद्का बेला पीडित नागरिकलाई राज्य तथा विभिन्न संघसंस्थाको सहयोगसँगै समुदायस्तरबाट हुने मानवीय सहयोगले समेत ठूलो महत्व राख्ने भएकाले विद्यालयले शिक्षक, कर्मचारी र विद्यार्थीलाई अभियानमा सहभागी गराएको हो।

विद्यार्थीहरूले समेत आफ्नो खाजा खर्चबाट कटौती गरी स्वेच्छिक रूपमा रकम जम्मा गरेका थिए। विद्यार्थीहरूले नगद तथा क्यूआरमार्फत् समेत सहयोग गरेका थिए।

यसरी शिक्षक-कर्मचारी र विद्यार्थीको संयुक्त प्रयासबाट संकलित रकम राहत स्वरूप प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको विद्यालयका का.वा अध्यक्ष तेजेन्द्र खनालले बताए।

विद्यालयले राहत, उद्धार तथा पुनःनिर्माणका लागि आफूहरूले गरेको आर्थिक सहयोगको विवरणसमेत सार्वजनिक गरेको छ।

सहयोग रकम पारदर्शी रूपमा सम्बन्धित कोषमा जम्मा गरिएको जानकारी सबैलाई गराउँदै विद्यालयले सामाजिक उत्तरदायित्वका यस्ता कार्यमा निरन्तर सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गरेको छ।

बाढीपहिरोजस्ता प्राकृतिक विपदका कारण देशका विभिन्न क्षेत्रमा नागरिकले ठूलो क्षति व्यहोर्नुपरेको अवस्थामा विद्यालयले गरेको १८ लाख ४२ हजार ५ सय ४० रुपैयाँको सहयोग राहत तथा पुनःस्थापनाका लागि महत्वपूर्ण योगदानका रूपमा लिइएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com